# शिवालय गाउँपालिकाको आगामी आ.व. २०८०।८१ को लागि शिवालय गाउँपालिका उपाध्यक्ष श्री गिता शाहीज्यूबाट प्रस्तुत बजेट तथा कार्यक्रम

**सभा अध्यक्षज्यू,**
**प्रमुख अतिथीज्यू**
**विशेष अतिथीज्यूहरु**
**सभाका सदस्यज्यूहरु,**

यस गरिमामय सभामा शिवालय गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक बनेट तथा कार्यक्रम दोस्रो पटक पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेकी छु। वार्षिक बजेट तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाइ विभिन्न सल्लाह सुझाव दिनु हुने गाउँपालिका अध्यक्षज्यू, प्रमुख अतिथि एवं कर्णाली प्रदेश सरकारका माननीय आर्थिक मामिला तथा योजना मन्त्रीज्यू, शिवालय गाउँपालिकाका पूर्व अध्यक्षज्यू तथा पूर्व उपाध्यक्षज्यू, वडा अध्यक्षज्यूहरु कार्यपालिका सदस्यज्यूहरु, गाउँ सभाका सदस्यज्यूहरु, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिज्यू, संचारकर्मीज्यूहरु, सम्पुर्ण आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु र विशेष गरी बजेट तर्जुमामा प्रत्येक्ष सहयोग गर्ने निमित्त प्रमुख प्रशासकीय अधिकृत लगायत सम्बद्ध करमचारीहरुलाई हार्दिक आभार सहित धन्यवाद व्यक्त गर्दछु। यस पुनित अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र संघीय लोकतन्त्रिक गणतन्त्र स्थापनाको लागि आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। यसै क्रममा शहीद परिवार, घाइने, अपाङ्ग र बेपत्ता पारिएका व्यक्तिहरुलाई उच्च सम्मान प्रकट गर्दछु ।

सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका वासीको समृद्धिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा मैले आगामी आ. व. २०८०/८१ को बजेट तथा कार्यक्रमलाई अभिमुख गरेकी छु। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध गाउँपालिकाको लक्ष्य हासिल गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायको साझेदारी विकास गरिनेछ ।

समृद्ध शिवालय गाउँपालिका निर्माण गर्ने, गुणस्तीय भौतिक पूर्वाधार, सर्वसुलभ र पहुँच योग्य स्वास्थ्य सेवा, गुणस्तरीय शिक्षा, उत्पादन र उत्पादकत्व बृद्धि गरी स्वरोजगारी सिर्जना, स्वच्छ खानेपानीको उपलब्धता र लैङ्गिक समता र सामाजिक समावेशीकरणको प्रत्याभूति यस बजेट तथा कार्यक्रमले प्रमुख प्राथमिकताहरुको रुपमा रहेको छ।

## (क) विद्यमान परिवेश (राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक, आदि )

विश्वव्यापीरुपमा फैलिएको कोभिड-१९ महामारीबाट थलिएर माथि उठन लागेको अर्थतन्त्र पुनः युक्रेन युद्ध र सोबाट विश्व आपूर्ति श्रृंखलामा आएको संकुचनले नेपाललाई समेत प्रभाव पारेकोछ। यसबाट संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गै स्थानीय तहले पाउनु पर्न वित्तीय हस्तारणमा नकारात्मक असर पुगेकोछ ।

यस विशिष्ट परिस्थितिमा नेपाल सरकारले अर्थतन्त्रलाई पुनर्उत्थानशील क्रियाकलापमार्फत अगाडी बढाउदै तिब्र र दिगो आर्थिक विकास गरी समृद्ध नेपाल सुखी नेपालीको मुल लक्ष्य हासील गर्नु परेको छ। यसका लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाइ विशेष जोड दिनु पर्ने अवस्था सृजना भएकोछ ।

अव म बजेट तथा तर्जुमाका आधारहरु, प्राथमिकताका आधारहरु प्रस्तुत गर्न गर्न चाहन्छुः

**(ख) बजेट तथा कार्यक्रम तर्जुमाका आधारहरू**

१ नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत ब्यवस्था ,
२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान,
३ राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८,
४ पन्ध्रौं आवधिक योजनाले लिएका लक्ष्य उद्देश्य र प्रमुख नीतिहरु
५ कर्णाली प्रदेशको प्रथम योजनाले लिएका लक्ष्य उद्देश्य र प्रमुख नीतिहरु
६ शिवालय गाउँपालिकाको आवधिक योजना र क्षेत्रगत गुरु योजनाहरु
७ शिवालय गाउँपालिकाको आ.व. २०८०।८१ का लागि प्रस्तुत वार्षिक नीति तथा कार्यक्रम

**(ग) बजेट तथा कार्यक्रम प्राथमिकताका आधारहरू**

यस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८०।८१ को योजना तथा कार्यक्रम छनौट गर्दा स्थानीय सरकार संचालन ऐन अनुसार सहभागितामूलक योजना तर्जुमा प्रक्रियाको अवलम्बन गरिएको छ । उपलब्ध स्रोत साधन सीमित र जतनाका माग तथा आकांक्षाहरु असीमित हुने हुनाले निश्चित मापदण्डको आधारमा योजनाहरु प्राथमिकीकरण गरी छनौट गरिएको छ ।मैले आगामी आर्थिक वर्ष २०८०।८१ को बजेट तथा कार्यक्रम तर्जुमा गर्दा तपशिलमा उल्लेखित प्राथमिकीकरण आधारमा तयार गरिएको छ ।

योजना कार्यक्रम प्राथमिकीकरणका आधारहरुः-

१ गरिबी निवारणमा प्रत्येक्ष सघाउ पुर्याउने आयोजना तथा कार्यक्रमहरु
२ स्थानीय आर्थिक विकास अभिबृद्धि गर्ने खालका कार्यक्रमहरु
३ लैङ्गिक समता तथा सामाजिक समावेशीकरण प्रवर्द्धनमा सहयोग पुर्याउने आयोजना तथा कार्यक्रमहरु
४ उत्पादन, उत्पादन र बजारीकरणमा पहुँच बृद्धि गर्न सघाउ पुर्याउने आयोजना तथा कार्यक्रमहरु
५ कम लागतमा बढी लाभ लिन सकिने आयोजनाहरु
६ विपन्न वर्ग र क्षेत्रका बासिन्दाहरुलाई प्रत्येक्ष फाइदा पुग्ने खालका आयोजना तथा कार्यक्रमहरु
७ आर्थिक विकास तथा प्रर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने खालका पूर्वाधारका आयोजनाहरु
८ वातावरणमैत्री एवं जलवायु परिवर्तन अनुकुलनमैत्री आयोजना तथा कार्यक्रमहरु
९ लागत साझेदारी तथा जनसहभागिता जुट्ने आयोजनाहरु
१० छिटो प्रतिफल दिने र छिटो समयमा सम्पन्न हुन सक्ने आयोजनाहरु

**सभाका अध्यक्षज्यू**

**प्रमुख अतिथीज्यू**

**विशेष अतिथीज्यूहरु**

**तथा सभाका सदस्यज्यूहरु**

अब म यस सम्मानित बाह्रौं गाउँ सभा बैठकमा आगामी आर्थिक वर्ष २०८०।८१ को बजेटका उद्देश्य तथा प्राथमिकताहरु प्रस्तुत गर्न चाहन्छु ।

बजेट तथा कार्यक्रमको मुलभूत उद्देश्य शिवालय गाउँपालिकाको समग्र विकास र समृद्धिको यात्रा सुनिश्चित गरी समाजवाद उन्मुख अर्थतन्त्रको गन्तव्य तय गर्नु रहेको छ । यसका लागि देहाय बमोजिम उद्देश्य लिइएको छः-

१. आर्थिक तथा सामाजिक असमानता र विभेद अन्त्य गर्दै आत्मनिर्भर गाउँपालिकाको रुपमा तयार गर्ने ।

२. "बाँझो जमिनको प्रयोग, उत्पादनमा सहयोग" भन्ने नारा अध्यज्यूले पेश गर्नु भएको नीति तथा कार्यक्रमा प्राथमिकताको आएको हुँदा उक्त नीतिलाई कार्यान्वयन गर्न बाँझो तथा कृषियोग्य जमिन उपयोग गरी बाझो जग्गायुक्त पालिका घोषणा गर्नका कृषि तथा पशुपालनलाई प्राथमिकता दिई उत्पादन र उत्पादकत्व बृद्धि गर्ने ।

३. भौगोलिक विकटता रहेको शिवालय गाउँपालिकाका सबै वडा केन्द्रमा बाह्रै महिना सवारी साधन चल्न सक्ने गरी सडक स्तरोन्नतीलाई प्राथमिकता दिइनेछ ।

४. पर्यटन पूर्वाधार निर्माण, सांस्कृतिक धार्मिक सम्पदाहरुको उत्खनन्, जिर्णोद्वार एवं निर्माण कार्यलाई प्राथमिकता दिइएको छ ।

५. शिवालय गाउँपालिकामा एक उच्च शिक्षा हासिल गर्नको लागि शिवालय बहुमुखी क्याम्पस संचालनका लागि स्थापना तथा शैक्षिक पूर्वाधारमा जोड दिइएको छ ।

६. गुणस्तरीय शिक्षण सिकाई, शत प्रतिशत भर्ना दर पुर्याउन र शिवालय गाउँपालिका भित्र संचालित विद्यालयहरुमा शैक्षिक भौतिक पूर्वाधार निर्माणमा जोड दिइएको छ ।

७. १० शैय्याको शिवलाय अस्पताल निर्माण सम्पन्न गरी घरदैलोबाटै विशषज्ञ स्वास्थ्य सेवा पुर्याउने कार्यलाई प्राथमिकता दिइएको छ ।

८. आधारभूत स्वास्थ्य सेवाको विस्तार, लक्ष्य अनुसारको प्रगति हासिल गर्न जोड दिइएको छ ।

९. "घरघरमा स्वच्छ खानेपानीको धारा, शिवालय सरकारको अविभारा" लक्ष्यलाई हासिल गर्न स्वच्छ खानेपानी सेवामा प्राथमिकता दिइने छ ।

१०. अति विपन्न र लक्षित वर्गहरुलाई विकासको मूलधारमा समाहित गर्न विभिन्न लक्षित कार्यक्रम संचालन गर्ने ।

**(ङ) चालु आ.व.को हालसम्मका प्रमुख उपलब्धीहरूको संक्षिप्त विवरण भौतिक उपलब्धि**

(क) **भौतिक पूर्वाधार विकास (सडक ,खानेपानी, सिंचाइ) का क्षेत्रमा भएका उपलब्धी**

(१) **सडक यातायातः**

शिवालय गाउँपालिकामा हाल सम्म ७ किमि पक्कि सडक, १० किमि ग्राभेल सडक, पालिका केन्द्रदेखि सबै वडा केन्द्र र अन्य प्रमुख बस्तीहरु धुले वा कच्ची सडक मार्फत जोडिएको छ।छेडा कचाली सडक अन्तरगत झरझरे पानीदेखि रिठा सडक खण्ड कालोपत्रे पक्की सडक आगामी आ.व. २०८०।८१ मा सम्पन्न हुने गरी कार्य भई रहेको छ ।यस अवधिमा एक वटा झोलुङ्गे निर्माण सम्पन्न भई आवागमनमा आएको छ ।

**(२) भवनः-**

शिवालय गाउँपालिकामा आर्थिक वर्ष २०७९।८० जेष्ठ मसान्तसम्म भवन निर्माण तर्फ १ अस्पताल भवन, क्याम्पस १ क्याम्पस भवन, २ स्वास्थ्य चौकी भवन, र ........ विद्यालय भवन निर्माण सम्पन्न उन्मुख रहेका छन् ।

**(३) सिंचाइः**

गाउँपालिकाका विभिन्न वडामा ७ वटा मझौला सिंचाइ आयोजना निर्माण सम्पन्न भई सिंचाई सुविधा उपलब्ध भएको छ ।

(४) **सामाजिक विकास (शिक्षा, स्वास्थ्य, लक्षित समूह, ,) का क्षेत्रमा भएका उपलब्धी**

गाउँपालिकामा रहेको १० शैयाको अस्पताल यसको केही समय पछि निर्माण भै सुचारुहुने क्रममा छ। सबै वडाहरुमा आधारभूत स्वास्थ्य सेवा केन्द्रबाट स्वास्थ्य सेवा प्रवाह भएको छ।एक वटा प्रसुति गृह सूचिकृत प्रक्रियामा रहेको छ । स्वास्थ्य तर्फ नपुग रहेको जनशक्तिको आपुर्ति गरिएको छ । शिक्षा तर्फ कक्षा भएको १-८ को स्थानीय पाठ्यक्रम छ, वि व्य स शिक्षक अविभावक संघ प्रवोधिकरण तालिम संचालन भएको, राष्ट्रपति रनिङ्ग शिल्ड तथा अध्यक्षकप खेलकूद प्रतियोगिता सम्पन्न भएको र IEMIS तालिम संचालन भएको छ

(५) **आर्थिक विकास (कृषि, उद्योग, पर्यटन, सहकारी, रोजगार,) का क्षेत्रमा भएका उपलब्धी**

१ वटा तरकारी संकलन केन्द्र भवन निर्माण सम्पन्न भई संचालनमा आउने अवस्था रहेको छ । यस गाउँपालिकाका केही स्थानमा बाँझो जमिनलाई सदुपयोग ल्याई वर्षे आलु उत्पादन गरी बिक्रि वितरण शुरु भएको छ । आगामी चार वर्ष भित्र उत्पादन लिने गरी ५ हेक्टर ओखर खेती विस्तार गरेको, पोषणमा सुधार ल्याउन तथा आय आर्जनमा बृद्धि गर्ने उद्देश्य लिई २ हेक्टर जमिनमा भटमास पकेट क्षेत्र विस्तार भएको छ । उत्पादन लागत न्यूनीकरण गर्नका लागि ४ वटा मिनि टिलर वितरण, उत्पादन र उत्पादकत्व बढाउनका लागि प्रविधिसँगै स्थायी संरचनागत ५ वटा फलामे प्लाष्टिक घर निर्माण भएको छ । बाली संरक्षण र माटो शिविर संचालन भएको छ ।देखिपछि विश्वास हुन्छ भन्ने सिद्धान्तमा आधारित रहेर कृषकहरु ज्ञान, सीप, प्रविधि र मुल्य श्रृङ्खला चरणबद्ध बजारीकरणका बारेमा जानकारी गराउने उद्देश्यले अन्तर जिल्ला कृषक अवलोकण भ्रमण कार्यक्रम सम्पन्न भएको छ । युवाहरुलाई व्यवसायी वनाउन वाख्रा पकेट कार्यक्रम सञ्चालन गरी नक्ष्ल सुधारका उन्नत जात वोयर वोका ५ वटा र वाख्रा वोका ८० वटा वाख्रा गरिएको, नेपालभरी महामारीको रुपमा फैलिएको लम्पी स्किन रोग शिवालयमा पनि देखा परेको हुदाँ वडा न १देखि वडा न ९ सम्म संक्रमित गाई गोरु भैसीमा जम्मा ९३० पशुहरुमा उपचार गरेको , पि पि आर रोग रोकथामका लागी पि. पि.आर. खोप पालिका सेवा क्षेत्रका किसानहरुको वाख्राहरुमा १०५०० भ्याक्सिन सम्पन्न भएको छ । महिलाहरुको आय आर्जन, स्वालम्वन गराउन १० जनालाई ३

महिने ढाका बुनाई तालिम संचालन गरेको, लघु उद्यमीहरुका लागि ५ जनाको समूमा २ वटा धान काट्ने गोड्ने ब्रस कटर वितरण गरेको, अतिरिक्त समयको सदुपयोगका लागि ४० महिलाहरुलाई होजियारी तालिम संचालन गरेको, २० जनालाई मुडा बुनाई तालिम संचालन गरेको, व्यवसायलाई स्मार्ट र बजारीकरणमा प्रतिस्पर्धा गराउने उद्देश्यले ३० जनालाई सिलाई कटाई स्तरोन्नती तालिम सम्पन्न भएको, ८० जनालाई व्यवसाय सचेतना तालिम सम्पन्न भएको छ ।

**(६) वन ,वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन**

वातावरण संरक्षण गर्नका लागि बृक्षारोपन गरिएको छ । जलवायु परिवर्तन अनुकुलनका लागि स्थानीय अनुकुलन योजना तर्जुमा भई कार्यान्वयनमा ल्याइएको छ । बाढी पहिरो नियन्त्रणको लागि एक वटा पहिरो नियन्त्रण तथा नदी नियन्त्रण योजना सम्पन्न भएको छ । विपद् व्यवस्थापनको क्षेत्रमा वडा स्तरीय विपद् व्यवस्थापन समिति गठन भई क्रियाशील भएका छन् । गाउँपालिका र साहास नेपाल पाइला परियोजनाको संयुक्त प्रयासमा गाउँपालिका भित्र स्थापित प्रहरी चौकीमा विपद् व्यवस्थापन सामग्री वितरण गरिको छ

**(७) तथा संस्थागत विकास (कानूनी व्यवस्था, राजश्व परिचालन, संगठन संरचना ,सार्वजानिक निजी साझेदारी एवं समन्वय) भएका उपलब्धी**

त्यसै गरी व्यवस्थित शहरीकरणका लागि आवश्यक भवन निर्माण तथा आचार संहिता कार्यविधि भएको, खानेपानी, सरसफाई तथा स्वच्छता गुरूयोजा तर्जुमा गरी कार्यान्वयनमा आएको छ ।यस गाउँपालिकाले गत आ.व. को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा अंक ४८.५ प्राप्त गरेको छ ।२ वटा वडाबाट अनलाईन व्यक्तिगत घटना दर्ता संचालनमा अएको छ ।यस आर्थिक वर्षको सामाजिक सुरक्षा भत्ता वितरण कार्य बैंक मार्फत वडा वडाबाट वितरण गरिएको छ । विद्युतीय लेखा प्रणाली संचालनमा आएको छ ।

**सभाका अध्यक्षज्यू**
**प्रमुख अतिथीज्यू**
**विशेष अतिथीज्यूहरु**
**तथा सभाका सदस्यज्यूहरु**

अब म आ. व. २०८०/८१ को विभिन्न विषयगत एवं क्षेत्रगत बजेट तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

**१. आर्थिक विकास सम्बन्धी बजेट तथा कार्यक्रम**

**क) स्थानीय आर्थिक विकास सम्बन्धी बजेट तथा कार्यक्रम**

१ स्थानीय आर्थिक विकासलाइ योजनावद्ध रूपमा कार्यान्वयनमा ल्याइनेछ । यस अन्तरगत स्थानीय प्रतिस्पर्धी वस्तु वा सेवाको सहभागितामूलक पहिचान गरी ती वस्तु वा सेवाहरूको समग्र मुल्य श्रृङ्खला (उत्पादन देखि बजारीकरण सम्म) मा गाउँपालिका निजीक्षेत्र, र सहकारी (समुदाय) समेतको सहकार्यमा स्थानीय आर्थिक विकासका योजना अन्तरगतका कार्यक्रमहरू सञ्चालन गरिनेछ। यसका लागि आवश्यक रकम विनियोजन गरेकी छु ।

२ स्थानीय आर्थिक विकासका सम्भावनाहरूको पहिचान र ब्यावसायिक परिचालनका लागि गाउँपालिकाले विशेष पहल गर्नेछ । यसका लागि स्थानीय तहमा ब्यावसायिक वातावरणको विकास गर्न गाउँपालिकाले नीजिक्षेत्र, सार्वजनिक क्षेत्र र सहकारी (समुदाय समेत) को सहभागिता रहने गरी एक स्थानीय **आर्थिक विकास सम्वाद मञ्च** गठन गर्नेछ ।

३ नव प्रवर्तन र उद्यमशीलता प्रवर्धन विकास गर्न उद्यमशाला सञ्चालन गरिनेछ । यस अन्तरगत स्थानीय आर्थिक विकास पूर्वाधार निर्माण, आर्थिक सशक्तिकरण तथा वित्तिय साक्षरता सहितको सीप विकास, उद्यमशीलता विकास तथा नव उद्यमशीलता प्रवर्ध्दन र विशिष्टिकृत वस्तुको उत्पादन तथा बजारीकरण समेटिनेछन ।

**ख) उद्योग तथा पर्यटन सम्बन्धी बजेट तथा कार्यक्रम**

१. औधोगिकग्राम पूर्वाधार निर्माण कार्य सार्वजनिक निजी साझेदारी अवधारणामा सञ्चालन गरिनेछ । यसका लागि आवश्यक रकम विनियोजन गरेकी छु ।

२. उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ ।

३. लगानीमैत्री नीति तथा औधोगिक पूर्वाधार सुदृढीकरण गर्दै उद्योग तथा पर्यटनको विकासमा जोड दिइनेछ।

४. अल्लो धागोमा आधारित लघु उद्यम तथा अन्य लघु उद्यम संचालन गर्ने उद्यमीहरुलाई लागत साझेदारी गरिने कार्यक्रम ल्याइने छ ।

५. पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरिनेछ

६. चिनेकम्द, कचाली, गुराँसे, कोर्सिना, चिउदुवा र देउली पर्यटन सर्किट र पूर्वाधार विस्तार कार्यक्रमहरु संचालन गरिनेछ।

७. एग्रो टुरिजमका लागि बस्ती छनौट गरी सो सम्बन्धी आवश्यक क्रियाकलाप संचालन गरिनेछ । यसका लागि केही रकम विनियोजन गरेको छु ।

८. विभिन्न जातजातिको जातजातिपरम्परागत पर्व, संस्कार र संस्कृतिहरुको प्रवर्द्धन गरिनेछ।

९. मगर जातजातिहरुको ऐतिहासिक, सांस्कृतिक, धार्मिक पहिचान अवगत गराउन स्यापी बस्ती र सुगुरखाल बस्तीमा होमस्टे सहित स्थानीय अर्गानिक तरकारी तथा अन्य खाद्य उत्पादनका लागि आवश्यक क्रियाकलाप संचालन गरिनेछ र

**ग) कृषि तथा पशुपंक्षी सम्बन्धी बजेट तथा कार्यक्रम**

१. उच्च मुल्यका फलफुल, तरकारी तथा अन्नबालीहरुको पकेट क्षेत्रहरु पहिचान गरी सघन कृषि क्षेत्र निर्धारण गरी ती स्थानहरुमा ब्यावसायिक कृषि कार्यक्रम संचालन गरिनेछ।

२. कृषि उपजहरु बजारीकरणका लागि केही रकम विनियवजन गरेकी छु ।

३. **रैथाने बालीहरुको विउ संरक्षण, खेती विस्तार र बजारीकरणको** लागि विशेष प्रबन्ध मिलाइनेछ।

४. विपन्न र आर्थिक अवस्था कमजोर भएका क्षेत्रमा पोषणमैत्री घरबारी बगैंचा निर्माण कार्यक्रमका लागि केही बजेट व्यवस्था गरिएको छ ।

५. मौरी विकास प्रवर्द्धन कार्यक्रम, व्यवासायिक तरकारी उत्पादनका लिग प्लाष्टिक घर निर्माण, उत्पादनमा आधारित प्रोत्सहान, बाली संरक्षण तथा जवखिम न्यूनीकरण कार्यक्रम, युवा लक्षित स्वरोजगार कार्यक्रम अन्तरगत धान हार्भेष्ट थ्रेसर र कृषि मेशिनरी औजार वितरणका लागि आवश्यक बजेटको व्यवस्था गरेकी छु ।

६. मौसमी तथा बेमौसमी तरकारीका उन्नत विउविजन वितरण गरिनेछ ।

७. नीति तथा कार्यक्रम ल्याइएको "बाँझो जग्गाको प्रयोग, उत्पादनमा सहयोग" मूल धेयलाई साकार पार्न बाँझो जग्गा उपयोग गरी कृषि खेती तथा पशुपालन गर्ने व्यक्ति, फर्म र समूहलाई प्रोत्साहित गर्न केही बजेट व्यवस्था गरेकी छु ।

८. चिया खेती र किवी खेती प्रवर्द्धन विस्तारका लागि केही बजेट विनियोजन गरेकी छु ।

९. शिवालय एकिकृत कृषि तथा पशु केन्द्र निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेकी छु ।

१०. शिवालय गाउँपालिकाको कृषि नीति तर्जुमा गरिने छ ।

११. पशुपालनका पकेट क्षेत्रहरु निर्धारण गरी बाख्रा, भैसी, माछा, कुखुरा र बंगुर पालन व्यवसायलाई प्रोत्साहनन गर्न आवश्यक बजेट विनियोजन गरेकी छु ।

१२. बाँझो रहेको खेती योग्य जमिनमा व्यवसायिक घाँस खेती गर्नेलाई प्रोत्साहन गरिनेछ ।

१३. पशुजन्य उत्पादनको ब्रान्डिङ्ग गरी बजारीकरण गर्ने कृषकलाई प्रोत्साहित गरिनेछ ।

१४. मासु पसल तथा बधशालाहरुको पूर्वाधार स्तरोन्नती गरी स्वास्थ्य मापदण्डमा आधारित तुल्याइनेछ।

**घ) सहकारी सम्बन्धी बजेट तथा कार्यक्रम**

१. सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निच्छेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी बनाइने छ ।

२. उत्पादनमूलक सहकारीहरुको स्थापना गरिएमा विंउपूजी लगानीको रुपमा सहयोग उपलब्ध गराइने र वार्षिक उत्पादनका अनुदान दिने कार्यक्रम संचालन गरिनेछ।

३. गाउँपालिका भित्र स्थापना हुने कृषि समूह निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।

४. सहकारीहरुको माध्यमबाट उत्पादनशिल क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजि संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर श्रृजना गरी गरिबी न्यूनिकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ।

५. माथि उल्लेखित कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेकी छु ।

## २. सामाजिक विकास सम्बन्धी बजेट तथा कार्यक्रम

### क. शिक्षा सम्बन्धी बजेट तथा कार्यक्रम

१. गुणस्तरी शिक्षण सिकाईका लिग बाल विकास शिक्षण सिकाई अनुदान, प्रा. . शिक्षण सिकाई अनुदान, आ.वि. शिक्षण सिकाई, मा.वि. शिक्षण सिकाई अनुदान कम्प्युटर शिक्षण सिकाई अनुदान विद्यालय सहायक अनुदान र बालविकास अनुदानको प्रयाप्त बजेट विनियोजन गरेकी छु ।

२. शिक्षा प्रशासन, अनुगमन मुल्याङ्कन, पाठ्यक्रम तथा शैक्षिक सामग्री र खेतकूद सामग्रीको लागि आवश्यक बजेट विनियोजन गरेकी छु ।

३. विद्यालयको भवन लगायत अन्य भौतिक पूर्वाधारको (शौचालय, डेस्क बेन्च, घेरावार, खेलमैदान, खानेपानी) को लागि आवश्यक बजेट विनियोजन गरेकी छु ।

४. विद्यालयहरुमा कम्प्युटर ल्याव, पुस्तकालय आदिका लागि केही बजेट व्यवस्था गरेकी छु ।

५. स्थानीय पाठ्यक्रम अनुसारको कक्षा १-८ को पाठ्यपुस्तक निर्माण र छपाई विद्यालयमा वितरण गर्नको लागि केही बजेट व्यवस्था गरेकी छु ।

६. स्वास्थ्यका लागि खेलकूद, राष्ट्रका लागि खेलकूद भन्ने मूल मर्मलाई कार्यान्वयन गर्न राष्टरपति रनिङ्ग शिल्ड तथा अध्यक्षकप खेलकूद प्रतियोगिताका लागि आवश्यक बजेट विनियोजन गरेकी छु ।

७. असल शिक्षण सिकाई आदान प्रदानका लागि शैक्षिक तथा शैक्षणिक अवलोकन भ्रमणको लागि आवश्यक बजेट विनियोजन गरेकी छु ।

८. विद्यार्थीहरुको अन्तर निहित ज्ञान र क्षमतालाई उजागर गर्न अन्तर विद्यालय अतिरिक्त क्रियाकलाप संचालन गर्न केही बजेटको व्यवस्था गरेकी छु ।

९. शैक्षिक प्रणाली मै रूपान्तरण ल्याउन पाठ्यक्रम विकास, पठनपाठनको ब्यवस्थापन, शैक्षिक पात्रो ब्यवस्थापन, अद्याविधक स्रोत ब्यवस्थापन, विद्यालय-अविभावक विचको सञ्चार ब्यवस्थापन, अनलाइन शिक्षण तथा सिकाइ र दस्तावेजीकरण लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रभावकारी उपयोग गरी सबै सामुदायिक विद्यालयहरुमा शैक्षिक ब्यवस्थापन सूचना प्रणाली (EMIS) लागु गरिनेछ ।

### ख. संस्कृति सम्बन्धी बजेट तथा कार्यक्रम

१. शिवालय धाम र कल्याना कुटीको बृहत उत्खनन्, जिर्णोद्वार र पुनःनिर्माण गरी धार्मिक तथा सांस्कृतिक महत्व झल्काउन नेपाल सरकार तथा प्रदेश सरकारसंग साझेदारी र समन्वय गरिनेछ ।

२. शिवालय गाउँपालिका अन्तरगत शिवालय १ छेडा मोर्क खोला, शिवालय १ डाङ्गरखोला, शिवालय ३ सेवाला, शिवालय ५ कल्याना कुटी र शिवालय ६ स्यानी पिपलमा आधारभूत सुविधा सम्पन्न मसानघाट निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेकी छु ।

३. गाउँपालिका भित्र बोलिने विभिन्न जातजातिका मातृ भाषाहरुको संरक्षण गर्दै त्यस्ता भाषाको लिपी तथा व्याकरण लेखन तथा प्रकाशन गर्न केही बजेटको व्यवस्था गरेकी छु ।

४. परम्परागत मठ मन्दिरहरुको निर्माण तथा मर्मतको लागि केही बजेट विनियोजन गरेकी छु ।

५. सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड वितरणका लागि प्रयाप्त बजेट विनियोजन गरेकी छु ।

**ग. युवा तथा खेलकुद सम्बन्धी बजेट तथा कार्यक्रम**

१. खेलकुदको विकास गर्न विभिन्न खेलहरुका लागि खेलकुद मैदान लगायतका खेल पूर्वाधार निर्माण तथा विस्तार गर्ने कार्यक्रम संचालन गरिनेछ ।
२. वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि गाउँपालिकाको स्थानीय आर्थिक विकास योजना अन्तरगत समावेश भएका नवप्रवर्तनशील, लगायतका प्रोत्साहनमुखी कार्यक्रम संग आवध्द गरिनेछ।
३. युवा उद्यमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई "विदेश हैन बिजनेस" भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराइनेछ।
४. युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।
५. "एक वडा, एक खेलमैदान" को कार्यक्रमकाट युवाहरुलाई खेलकूद क्षेत्रमा आकर्षण गरिनेछ ।
६. माथि उल्लेखित कार्यक्रमका लागि केही बजेटको व्यवस्था गरेकी छु

**घ. महिला, बालबालिका तथा लक्षित बर्ग सम्बन्धी बजेट तथा कार्यक्रम**

१. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी कार्यक्रम कार्यान्वयन गरिनेछ।
२. महिला, बालबालिका, अल्पसंख्यक, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ।
३. ऐतिहासिक कालदेखि दलित तथा शील्पी समुदायले, जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न पुँजि लगानी सहयोग गरिनेछ।
४. विकासका कार्यक्रमहरुमा टोल विकास संस्थाहरुलाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।
५. अपाङ्गता भएका व्यक्तिहरुको प्रकृति अनुसारका सामग्री सहयोग तथा आय आर्जनका कार्यक्रम संचालन गरिने छ ।
६. हिंसा पिडित महिला तथा बालबालिकाको लागि एकद्वार संकट व्यवस्थापन केन्द्र स्थापना गरिनेछ।
७. गाउँपालिकाको बजेट तथा कार्यक्रममा लैङ्गिक परीक्षण गर्ने व्यवस्था मिलाइनेछ।
८. महिला उद्यमसीलता विकासका लागि व्युटिसियन तालिम, उपाध्यक्षसंग एकल महिला तथा विपन्न महिलाहरु स्वरोजगारमुलक तालिम, किशोरी सीपमूलक तालिम, साहारा विहिन बालबालिकाहरुका लागि शैक्षिक सामग्री वितरण कार्यक्रम, उपाध्यक्षसंग जेष्ठ नागरिक भेटघाट कार्यक्रम, उपाध्यक्ष घुम्ती कोष कार्यक्रम र सुत्केरी आमासंग उपाध्यक्ष भेटघाट कार्यक्रम कार्यान्वयन गरिनेछ
९. गाउँपालिका तथा वडास्तरीय बाल क्लब संजाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ र बालमैत्री स्थानीय तह लक्षित कार्यक्रम संचालन गरिनेछ।

१०.माथि उल्लेखित कार्यक्रम कार्यान्वयन गर्नका लागि आवश्यक बजेट विनियोजन गरेकी छु ।

**ङ. स्वास्थ्य सम्बन्धी बजेट तथा कार्यक्रम**

१. शिवालय अस्पताप संचालनमा ल्याई शिवालयबासी नगरिककहरुलाई घरदैलोबाटै चिकित्सकीय विशषज्ञ सेवा उपलब्ध गराउन दक्ष जनशक्ति औषधी मेडिकल उपकरणका लागि आवश्यक बजेट विनियोजन गरेकी छु

२. नागरिकहरुको पहुँच सुनिश्चित हुने गरी गाउँ गाउँपालिकाक्षेत्र भित्र चिकित्सकीय र प्रयोगशाला सेवा तथा अनुसन्धानात्मक कार्यहरू सञ्चालन गर्न अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, आधारभूत स्वास्थ्य केन्द्र स्थापना तथा स्तरोन्नती गरी रोकथाम, निदान र पुनर्स्थापन सेवालाइ सहज र नियमित वनाइनेछ ।

३. नागरिकहरुलाई मृगौला, मुटु, उच्च रक्तचाप, मधुमेह जस्ता रोगको निःशुल्क जाँच र उपचारको प्रबन्ध मिलाइने छ।

४. सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको नियमित स्वास्थ परिक्षण गर्ने व्यवस्था मिलाइनेछ।

५. बर्थिङ्ग सेन्टर र स्वास्थ क्लिनिकहरुको सेवालाइको स्तरोन्नति गर्ने क्रममा प्रयोगशाला सहितको सेवा उपलब्ध गराउने कार्यक्रम संचालन गरिनेछ।

६. आर्थिक रुपमा अति विपन्न गाउँपालिकावासीहरु तथा सुत्केरीहरुलाई स्वास्थ जाँच र उपचारका लागि निजहरुलाई अस्पताल ल्याउन-लैजान एम्बुलेन्स सेवाको प्रबन्ध गरिनेछ।

७. महिला स्वयंसेविकाहरुको दक्षता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याइनेछ।

८. स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारका लागि सार्वजनिक संस्था निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ।

९. स्वास्थ क्लिनिकहरुले प्रदान गर्ने आधारभुत सेवाहरुको शुल्क क्षेत्र विस्तारको नियमन गरिनेछ।

१०.सीमान्तकृत, गरीव तथा पछाडी परेका जनसमुदायहरुलाई निःशुल्क स्वास्थ्य बीमा गरिनेछ।

११.स्वास्थ चौकीहरुमा ल्याब सेवा सञ्चालनका लागि विशेष व्यवस्था गरिनेछ।

१२.जनप्रतिनिधि र महिला स्वयं सेविकारुलाई जडीबुटी परिचयात्मक तथा भान्सा सुधार कार्यक्रम संचालन गरिनेछ

१३.माहरुमा विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम .वि. संचालन गरिनेछ ।

१४. जनप्रतिनिधि र महिला स्वयं सेविकारुलाई जडीबुटी परिचयात्मक तथा भान्सा सुधार कार्यक्रम तथा भान्सा सुधार कार्यक्रम

१५.आयुर्वेद भवन निर्माणका लागि संघ तथा प्रदेश सरकारसंग पहल गरिनेछ ।

१६.माथि उल्लेखित कार्यक्रमहरुका लागि आवश्यक बजेट विनियोजन गरेकी छु ।

## ३. भौतिक पूर्वाधार विकास सम्बन्धी बजेट तथा कार्यक्रम (सडक, सडक पुल, झोलुङ्गे पुल, भू उपयोग, भवन, खानेपानी, ग्रामीण विद्युतीकरण र बैकल्पिक ऊर्जा)

१. आवधिक योजना ,आवास योजना, र वस्ति विकास योजना तर्जुमा गरी कार्यान्वियन गरिनेछ। पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी “आयोजना बैंक” तयार गरिने छ। सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने व्यवस्था मिलाइने छ ।

२. गाउँपालिकाको भूउपयोग क्षेत्र निर्धारण गरी वस्ति विकास योजना सहित भौतिक विकास गुरूयोजना तयार गरी आवास तथा वस्ति विकास, भवन तथा सार्वजनिक निर्माण लगायत पूर्वाधार निर्माण कार्य ब्यवस्थित र गुणस्तरीय रूपमा सञ्चालन गरिनेछ ।

३. दिर्घकालिन लगानी मार्ग दर्शनका लागि गाउँपालिका सडक गुरुयोजना तर्जुमा भएको छ । सोको आधार सडक आयोजनाहरु कार्यान्वयनमा ल्याइनेछ।

४. भुमिहिन र अव्यवस्थित बसोबासीहरुको जग्गा प्राप्तिका लागि भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबास सेवा केन्द्र संचालनका केही बजेट व्यवस्था गरेकी छु ।

५. गाउँपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने शिवालय बाहिरी चक्रपथ मोर्के आले खनेटा देउली चिउदुवा कचाली चिनेकम्द बडाकाँडा बालुवा सडक बिस्तृत सर्वेक्षण र निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेकी छु । सो आयोजनाको लागि संघ सरकार र प्रदेश सरकारसंगको साझेदारीमा संचालन गरिनेछ ।

६. शिवालय गाउँपालिकाबाट अन्तरपालिका तथा अन्तर जिल्ला जोड्ने थाला कचाली सडक निर्माण तथा स्तरोन्नतीको लागि आवश्यक बजेट विनियोजन गरेकी छु ।

७. गाउँपालिकामा संचालनमा रहेका धुले कच्ची सडकहरुको स्तरोन्नती गरी बाह्रै महिना संचालनमा ल्याउन केही बजेट विनियोजन गरेकी छु ।

८. विगत देखिका निर्माणाधिन तथा अधुरा वडा कार्यालय निर्माण योजनाहरुलाई सम्पन्न गर्न आवश्यक बजेट विनियोजन गरेकी छु।

९. शिवालय गाउँपालिकाका नागरिकहरुलाई सहज र सुलभ आवागमनको प्रत्याभूत गराउन शिवालय बस संचालनका लागि पर्याप्त बजेट विनियोजन गरेकी छु ।

१०. शिवालय गाउँपालिकाको भवन निर्माण सम्बन्धी कार्यविधि २०७९, बमोजिम भवन निर्माणका लागि निःशुल्क ईन्जिनियरिङ्ग परामर्श सेवा उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।

११. भवन निर्माण अनुमति प्रकृयालाई प्रविधिमा आधारित तुल्याई सहजिकरण गर्ने व्यवस्था मिलाइने छ।

१२. शिवालय अस्पतालको भवन निर्माण सम्पन्न अन्तिम चरणमा रहेको भएता पनि थप भौतिक पूर्वाधार निर्माणमा पहल गरिनेछ ।

१३. जुङ्गाथापाचौर स्वास्थ्य चौकी निर्माणको लागि आवश्यक बजेट विनियोजन गरेकी छु ।

१४.गाउँपालिका भित्रका सडकमा परेका निजी जग्गाहरु लागत कट्टी गरी सडकमा कायम गर्ने र आवश्यकताको आधारमा सडक क्षेत्र कायम गरी सडक मापदण्डको समस्यालाई समाधान गरिनेछ।

१५.एक वडा एक हेलिप्याड निर्माणको लागि केही वडाहरुबाट निर्माण शुरु गर्न केही बजेट विनियोजन गरेकी छु ।

१६.विभिन्न कालखन्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार, अद्यावधिक तथा मुल्यांकन गरी सार्वजनिक सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गरिनेछ ।

१७.आधारभूत स्वास्थ्य सेवा केन्द्रको भवन निर्माणको लागि आवश्यक बजेट विनियोजन गरेकी छु ।

१८.छेडा कचाली सडक खण्ड अन्तरगत पर्ने विभिन्न खोलाहरुमा मोटरेवल पुल निर्माणका लागि संघ र प्रदेश सरकारसंग समन्वय र साझेदारीमा निर्माण गर्दै लगिने छ ।

१९.वडाखेत झोलुङ्गे पुल, ढिगाले झोलुङ्गे पुल, माथिल्लो वडाखेत झोलुङ्गे पुल र अस्पताल परिसर मन्देउखोला देखि रातामाटा जोड्ने झोलुङ्गे पुलको सर्भे र निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेकी छु ।

२०.खानेपानी तथा सरसफाईका आयोजनाहरु जल उपयोग गुरु योजना र खानेपानी तथा सरसफाई योजनामा प्राथमिकताक्रममा परेका योजनाहरु क्रमश कार्यान्वयन गर्दै लगिने छ ।

२१.शिवालय गाउँपालिकाको नीति तथा कार्यक्रम मार्फत ल्याइएको **"एक घर एक स्वच्छ खानेपानीको धारा, शिवालय सरकारको अभिभारा"** नारालाई सफल बनाउँनको लागि एक घर एक धारा सहितको खानेपानि तथा सरसफाई आयोजना निर्माण गर्न विकास साझेदार निकायको साझेदारीमा सम्पन्न गर्न केही बजेटको व्यवस्था गरेकी छु ।

२२.सतहगत स्रोतबाट खानेपानी सुविधा उपलब्ध हुन नसक्ने टोल तथा बस्तीहरुमा वर्षा संकलन र लिफ्ट प्रणालीबाट खानेपानीको सुविधा उपलब्ध गराउन विशेष अध्ययन गरिनेछ ।

२३.पुर्ण सरसफाई युक्त वडा र पालिका घोषणाको लागि व्यापक जनचेतनामूलक कार्यक्रम संचालनका लागि केही बजेट व्यवस्था गरेकी छु ।

२४.हाल संचालन र प्रयोगमा रहेका खानेपानी आयोजनाहरुको गुणस्तर जाँच गर्ने व्यवस्था मिलाउने छ ।

२५.बाँझो रहेका खेती योग्य जमिनमा सिंचाई सुविधा उपलब्ध गराउनको लागि केही बजेटको व्यवस्था गरेकी छु ।

२६.बैकल्पिक सिंचाई तथा लिफ्ट सिंचाई प्रणालीको लागि संभाव्यता अध्ययन गर्न केही बजेट गरेकी छु ।

२७.सबै वडाहरुमा केन्द्रीय विद्युत लाइन विस्तारका लागि नेपाल विद्युत प्राधिकरण र अन्य सम्बन्धित निकायसंगको समन्वय र साझेदारीमा कार्यान्वयन गरिनेछ ।

## ४. वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी बजेट तथा कार्यक्रम

### क. वन तथा वातावरण

१. वन क्षेत्रमा भई रहेको अत्याधिक डढेलोको न्यूनीकरण गर्न सामुदायिक वन उपभोक्ता समूह र अन्य सरोकारवाला निकायसंगको कार्यमा चेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

२. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्द्धन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृध्दि गर्न सम्बन्धित निकायसंगको साझेदारीमा कार्यक्रम संचालन गर्न केही बजेट व्यवस्था गरेकी छु ।

३. खोटो संकलन र सल्ली काठ निर्यातका लागि सचेतीकरण कार्यक्रम संचालन गरिने छ ।

४. वातावरणमैत्री स्थानीय तह कार्यान्वयको लागि संबोधन गर्न आवश्यक क्रियाकलाप सचालन गर्न अधिकतम् प्रयास गरिनेछ ।

५. फोहर व्यवस्थापन गर्न ठोस योजना बनाई बजार क्षेत्रको फोहर व्यवस्थापनका आवश्यक प्रक्रिया बनाई कार्यान्वयन गर्न केही बजेट विनियोजन गरेकी छु ।

६. वन र वातावरण संरक्षणका विषयमा विद्यालय स्तरमा सचेतीकरण कार्यक्रमका लागि केही बजेट विनियोजन गरेकी छु ।

७. वातावरण संरक्षण र दिगो विकासका लागि सचेतीकरण कार्यक्रम निरन्तरण संचालन गरिने छ ।

### ख) जलवायु परिवर्तनतथा विपद् व्यवस्थापन

१. जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरूलाइ अनुकूलन गर्न गाउँपालिकाको क्षमता वढाउने साथै खाद्य उत्पादनलाइ प्रतिकूल असर नपर्ने किसिमले जलवायु उत्थानशीलता वृध्दि गर्ने ।

२. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ।

३. शिवालय गाउँपालिकाको उच्च स्थानहरुमा Water Recharge पानी पोखरी निर्माणका आवश्यक बजेट व्यवस्था गरेकी छु ।

४. जलवायु परिवर्तनका असरहरुलाई न्यूनीकरण गर्न विकास साझेदार निकायको समन्वय र सहकार्यमा जलवायु उत्थानशील योजना बनाई कार्यान्वयन गरिनेछ ।

५. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्ध्दन तथा वनको हैसियतमा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृध्दि गरिनेछ ।

६. पहिरो, विकासका पूर्वाधारको संरक्षण र नदि नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृध्दि गरिनेछ ।

७. ढुंगा गिट्टि बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ।

८. विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिनेछ।

९. गाउँपालिकाको विपद् जोखिम नक्साङ्कन गरी सोही आधारमा विशिष्ट प्रकृतिका विपद् जोखिम प्रतिकार्य तथा पुनर्उत्थान कार्यक्रमहरु संचालन गरिनेछ।

१०.विपद् सम्बन्धी खोज, उद्दार, राहात र पुनःस्थापना र पुनरलाभको लागि पालिका स्तरीय र वडा स्तरीय विपद् व्यवस्थापन समितिलाई क्रियाशिल बनाई विपद् जोखिम न्यूनीकरणमा पहल गरिनेछ ।

११. विपद् उद्दारमा संलग्न हुने निकायलाई विपद् उद्दार सामग्री व्यवस्थापन गरी विपद्को क्षति न्यूनीकरण गर्न केही बजेट व्यवस्था गरेकी छु ।

**५. संस्थागत विकास, न्याय सम्पादन, सेवा प्रवाह र सुशासन**

१. गाउँपालिका भित्र रहेका स्रोत साधन, सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरुको पेशा व्यवसाय, सामाजिक आर्थिक अवस्था, रोजगारीको अवस्था सहितका विवरणहरु समावेश गरी विद्युतीय स्थानीय तह पार्श्व चित्र (Digital LG Profile) तयार गरिनेछ।

२. गाउँपालिका भित्रका नागरिकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सो को सम्बोधन अनलाईन प्रणाली कै माध्यमबाट गर्ने गरी नागरिक गुनासो ब्यवस्थापन प्रणाली तयार गरी लागु गरिनेछ।

३. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अगाडी बढाईनेछ ।

४. प्रत्येक महिनाको आय/व्ययको मास्केवारी गाउँपालिका कार्यालयको सूचनापाटी तथा वेवसाइटमा प्रकाशित गरिनेछ ।

५. गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएका क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ ।

६. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रम आयोजना गरिनेछ ।

७. गाउँपालिकाबाट प्रवाह हुने लेखा, राजश्व लगायत सबै सेवाहरुमा सफ्टवेयर निर्माण गरी कागज विहीन प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिईने छ ।

८. गाउँपालिकाको सुरक्षालाई चुस्तदुरुस्त एवम् प्रभावकारी बनाउन वडाका विभिन्न ठाउँमा , पर्यटकीय स्थल तथा सुरक्षा संवेदनशील क्षेत्रहरुमा सि. सि. टि. भि. क्यामेरा जडान गरिनेछ ।

९. आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ।

१०.गाउँपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको मिहिन ढंगले खोज तथा अध्ययन गरी अभिलेख राखी त्यस्ता जग्गाहरुको संरक्षण गरिनेछ।

११.सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याइने छ।

१२.संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य गरिनेछ।

१३.गाउँपालिकाले सम्पादन गरेका गतिविधि र प्राप्त उपलब्धीहरुलाई प्रकाशन तथा प्रसारण गर्न केही बजेट व्यवस्था गरिएको छ ।

१४.जनप्रतिनिधी तथा कर्मचारीहरुलाई सूचना प्रविधि सम्बन्धी क्षमता विकास तालिम, कार्यालयमा विद्युतीय हाजिरी जडान तथा प्रयोगका लागि केही बजेटको व्यवस्था गरेकी छु ।

१५.कार्यालय र वडा कार्यालयमा डिजिटल नागरिक वडापत्र जडानको आवश्यक बजेट व्यवास्था गरेकी छु ।

१६.कार्यलयबाट राजश्व संकलन, इसिफारिश र दर्ता चलानी सफ्टवयर जडान गरी संचालनमा ल्याउन आवश्यक बजेट व्यवस्था गरेकी छु ।

१७.न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न गरिने छ

१८.न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

१९.उपभोक्ता समितिबाट निर्माण हुने आयोजनाहरुको गुणस्तर सुधार र उपभोकेता समितिहरुको भुक्तानि प्रक्रिया सम्बन्धी तालिम संचालन गरिनेछ ।

२०.स्थानीय न्याय सम्पादन प्रभावकारी बनाउनको लागि स्थानीय इजलास संचालन गरिनेछ ।

२१.आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्रि सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ।

२२.आन्तरिक आयका स्रोतहरूको सम्भाब्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण, तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, र नेपाल सरकारका निकाय तथा गैसस र विकास साझेदार संग परामर्श, समन्वय, र साझेदारी गरिनेछ।

२३.करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ। प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ।

२४.गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ।

२५.करदाताहरुको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदाताहरुलाई पुरस्कृत तथा सम्मानित गर्ने नीति लिइनेछ।

२६.कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउदै लगिनेछ।

२७.माथि उल्लेखित योजना तथा कार्यक्रमको लागि आवश्यक बजेट व्यवस्था गरेकी छु ।

**सभाका अध्यक्षज्यू**

**प्रमुख अतिथीज्यू**

**विशेष अतिथीज्यूहरु**

**तथा सभाका सदस्यज्यूहरु**

अव म आगामी आर्थिक वर्ष २०८०।८१ को लागि आय तथा व्ययको अनुमान यस सम्मानित गाउँ सभा बैठकमा प्रस्तुत गर्न चाहन्छु ।

आगामी आर्थिक वर्ष २०८०।८१ को लागि कूल व्यय अनुमान रु. ४६ करोड ६५ लाख ८२ हजार ८ सय अनुमान गरेकी छु । जसमा विनियवजन तर्फ शिर्षकगत रुपमा तल उल्लेख गरिएको छ ।

पुजींगत तर्फ १६ करोड १६ लाख विनियोजन गरिएको छ भने चालु तर्फ ३० करोड ४९ लाख ८२ हजार ८ सय विनियोजन गरिएको छ ।

आगामी आर्थिक वर्ष २०८०।८१ को लागि अनुमानित विनियोजित वार्षिक बजेट

| सि न | शिर्षक | विनियोजित अनुमान | विनियोजित अनुमान अक्षरमा |
|---|---|---|---|
| १ | आर्थिक विकास | १४६७१००० | १ करोड ४६ लाख ७१ हजार |
| २ | सामाजिक विकास | २०४९००००० | २० करोड ४९ लाख |
| ३ | पूर्वाधार विकास | ९३४००००० | ९ करोड ३४ लाख |
| ४ | वातावरण तथा विपद् व्यवस्थापन | १०००००००० | १ करोड |
| ५ | सुशासन तथा संस्थागत विकास | १६७००००० | १ करोड ६७ लाख |
| ६ | भैपरी आउने पुँजिगत खर्च | ३०००००० | ३० लाख |
| ७ | जलवायु परिवतर्न सहयोग कार्यक्रम | ५०००००० | ५० लाख |
| ८ | हेल्भेटास नेपाल | ७५००००० | ७५ लाख |
| ९ | पालिका भवन निर्माण साझेदारी | ६०००००० | ६० लाख |
| १० | संघिय समपुरक कोष | ८०००००० | ८० लाख |
| ११ | प्रदेश समपुरक कोष | ८०००००० | ८० लाख |
| १२ | पालिका समपुरक कोष | १०००००००० | १ करोड |
| १३ | राजश्व अनुदान | ७९४११८०० | ७ करोड ९४ लाख ११ हजार ८ सय |
| | **जम्मा** | **४६६५८२८००** | **४६ करोड ६५ लाख ८२ हजार ८ सय** |

यसै गरी मैले माथि उल्लेखित गरेको कूल विनियोजित बजेट पुर्ति गर्ने स्रोतहरुका रुपमा संघीय सरकारबाट प्राप्त हुने सशर्त अनुदान रु. १९ करोड ५२ लाख, वित्तीय समानीकरण अनुदान तर्फ रु. ७ करीड ४० लाख, संघीय सरकारको विशेष अनुदान रु. १ करोड, संघीय सरकारको समपुरक अनुदान रु. २ करोड २० लाख र संघीय सरकारको राजश्व बाँडफाँडबाट प्राप्त हुने रु ७ करोड ७८ लाख ६१ हजार ८ सय रहेको छ । त्यसै गरी कर्णाली प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान रु ७७ लाख २६

हजार, सशर्त अनुदान ४ करोड ३४ लाख ४५ हजार, कर्णाली प्रदेश विशेष अनुदान रु ६० लाख, समपुरक अनुदान रु १ करोड ९५ लाख, राजश्व बाँडफाँड रु ३ लाख ५० हजार अनुमान गरिएको छ । त्यसै गरी गाउँपालिकाको आन्तरिक स्रोत रु ३० लाख र गत वर्षको ७५ लाख गरी जम्मा ४६ करोड ६५ लाख ८२ हजार ८ सय आय अनुमान गरिएको छ ।माथि उल्लेखित बजेट स्रोतको पुर्ण विवरण तल उल्लेख गरिएको छ ।

आगामी आर्थिक वर्ष २०८०।८१ को लागि अनुमानित आयको वार्षिक बजेट

| प्रासिको श्रोत | अनुमानित आय बजेट रु | चालु खर्च | पुंजीगत खर्च |
|---|---|---|---|
| **संघीय सरकारबाट प्राप्त अनुदान** | **३७९०६१८००.००** | **२५९७६१८००.००** | **११९३०००००.००** |
| समानिकरण अनुदान | ७४००००००.०० | ०.०० | ७४००००००.०० |
| सशर्त अनुदान -चालु) | १८१९०००००.०० | १८१९०००००.०० | ०.०० |
| सशर्त अनुदान -पुंजीगत) | १३३०००००.०० | ०.०० | १३३०००००.०० |
| विशेष अनुदान -पुंजीगत) | १००००००००.०० | ०.०० | १००००००००.०० |
| समपुरक अनुदान | २२००००००.०० | ०.०० | २२००००००.०० |
| राजश्व बाँडफाँड रकम | ७७८६१८००.०० | ७७८६१८००.०० | ०.०० |
| **कर्णाली प्रदेश सरकारवाट प्राप्त अनुदान** | **७७०२१०००.००** | **४४०२१०००.००** | **३३००००००.००** |
| समानिकरण अनुदान | ७७२६०००.०० | ७७२६०००.०० | ०.०० |
| सशर्त अनुदान -चालु, पुंजीगत) | ४३४४५०००.०० | २९९४५०००.०० | १३५०००००.०० |
| विशेष अनुदान -चालु) | ६००००००.०० | ६००००००.०० | ०.०० |
| समपुरक अनुदान -पुंजीगत) | १९५०००००.०० | ०.०० | १९५०००००.०० |
| राजश्व बाँडफाँड रकम | ३५००००.०० | ३५००००.०० | ०.०० |
| चालु आव ०७९।८० को अनुमानित अ ल्या | ७५०००००.०० | ०.०० | ७५०००००.०० |
| गाउँपालिकाको आन्तरीक अय | ३००००००.०० | १२०००००.०० | १८०००००.०० |
| स्थानीय प्राकृतिक प्रकोप व्यवस्थापन कोष | ०.०० | ०.०० | ०.०० |
| **जम्मा** | **४६६५८२८००.००** | **३०४९८२८००.००** | **१६१६०००००.००** |

**सभाका अध्यक्षज्यू**
**प्रमुख अतिथीज्यू**
**विशेष अतिथीज्यूहरु**
**तथा सभाका सदस्यज्यूहरु**

अन्तमा
प्रस्तुत बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनबाट कोभिड १९ को महामारीबाट थलिएर माथि उठन लागेको र विभिन्न परिस्थितिले संकुचित नेपालको राष्ट्रिय अर्थतन्त्रका नकारात्मक प्रभावहरु न्यूनीकरण गरी शिवालयबासी नागरिकको जीवन रक्षा, सुस्त बनेको आर्थिक गतिविधि र रोजगारीका अवसरलाई बृद्धिमा टेवा पुग्ने अपेक्षा गरेकी छु । योजना तर्जुमाको प्रारम्भिक चरणदेखि बजेट प्रस्तुत गर्दा सम्मका हरेक क्रियाकलापमा प्रत्येक्ष वा परोक्ष रुपमा संलग्न रही सहयोग पुर्याउने गाउँपालिका अध्यक्षज्यू लगायत सम्पुर्ण जनप्रतिनिधिज्यूहरु र बजेट तथा कार्यक्रम तयारीका लागि प्रत्येक्ष रुपमा खटिने निमित्त प्रमुख प्रशासकीय अधिकृत र संलग्न कर्मचारीहरुलाई पुनः धन्यवाद दिन चाहन्छु । प्रस्तुत बजेट तथा कार्यक्रमले लिएका लक्ष्य उद्देश्य प्राप्त गर्न संघीय सरकार र कर्णाली प्रदेश सरकार सपक्ष हार्दिक सहयोगको अपेक्षा गर्नुको साथे बजेट तथा कार्यक्रमको समयमै प्रभावकारी कार्यान्वयनका लागि सम्पुर्ण शिवालयबासी आमा बुवा दाजुभाई र दिदिबहिनीहरुको समान सहभागिता र सहयोगको लागि हार्दिक अपिल गर्दछु ।यस शिवालय गाउँपालिकाको गरिमामय बाह्रौं गाउँ सभा बैठकमा प्रमुख अतिथि र विशेष अतिथिको रुपमा आउनु भई रचनात्मक सल्लाह सुझाव र मार्ग दर्शन गर्नु भएकोमा प्रमुख अतिथिज्यू तथा विशेष अतिथिज्यूहरु प्रति कृतज्ञता व्यक्त गर्दै हार्दिक धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ।नमस्कार
ईतिसंवत् २०८० साल आषाढ १० गते रोज १ शुभम्

............................
गिता शाही
गाउँपालिका उपाध्यक्ष